स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ पुस्ताका 'स्टार' अभिनेता प्रदीप खड्काले कोभिडभन्दा अघि वर्षमा मुश्किलले एउटा फिल्म गर्थे। प्रस्तावको ओइरो हुँदा पनि संख्यात्मक वृद्धिमा जोड दिएनन्। तर, अहिले उनले काम गर्ने शैली पूरै बदलेका छन्। कुनै बेला एउटा फिल्म प्रदर्शन नहुँदासम्म अर्कोमा हतपत नजोडिने उनीसँग अहिले हातभरि फिल्म छन्। यतिबेला प्रदीपका दुई फिल्म 'पिताम्बर'को नवलपरासीमा र 'एक्लो'को उपर मुस्ताङमा छायांकन चलिरहेको छ।

**आजको विचार...**



बद्रीप्रसाद दाहाल

सामयिकी...
*(दुई पेजमा)*



अभिनेता तथा हास्य कलाकार जितु नेपालले दशैंको फूलपातीमा 'छक्कापञ्जा ५' सँग आफू अभिनित फिल्म 'ज्वाइँ साब' जुधेकोबारे प्रतिक्रिया दिएका छन्। उनले संजोगवश फिल्म जुध्न गएको भन्दै अहमताको कारण फिल्म जुधाउन ल्याएको भन्ने चर्चाको खण्डन प्रयत्न गरे । आफू अभिनित पछिल्लो फिल्म 'ज्वाइँ साब'को गीत सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो धारणा औपचारिक रुपमा राखेका छन्। अस्ति बोर्ड अध्यक्ष दिनेश डिसी दाइ हुँदा भेट भयो, सौहार्दपूर्ण ढंगमा गफ गऱ्यौं ।

❒ वर्ष ३० ❒ अंक ६८ ❒ २०८१ असोज ६ गते आइतबार 22 September 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा हेजबुल्लाह कमान्डरको मृत्यु

(रासस/एएफपी)

**बेरुत(लेबनान),** असोज ५/लेबनानको बेरुत गढमा शुक्रबार भएको आक्रमणमा १४ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको जनाउदै आक्रमणमा हेजबुल्लाहको एलिट युनिटका कमान्डरकोसमेत मृत्यु भएको इजरायलले जनाएको छ । सन् १९८३ मा बेरुत स्थित अमेरिकी दूतावासमा भएको विस्फोटमा संलग्न भएको आरोपमा अमेरिकाले खोजिरहेका इब्राहिम अकीलले इरान समर्थित उग्रवादी समूहको नेतृत्व गरिरहनु भएको थियो । हेज्बुल्लाहले शुक्रबार राति अकील इजरायली आक्रमणबाट मारिएको पुष्टि गर्दै एक महान नेता को रूपमा प्रशंसा गरेको छ । एएफपिटिभी फुटेजले उद्धारकर्मीहरू आक्रमणको केही समयपछि विभिन्न उपकरणको साथ खोजी कार्यमा तल्लिन रहेको देखाएको छ । गाजामा युद्ध सुरु भएदेखि हेज्बुल्लाहका वरिष्ठ कमाण्डरको हत्याको भएको यो दोस्रो घटना हो । गत जुलाईमा भएको आक्रमणमा शीर्ष अपरेसन प्रमुख फुआद शुक्रको ज्यान गएको थियो । राष्ट्रसैका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले यस घटना लगायत बढ्दो तनावका बारेमा चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गर्नु भएको छ । इजरायली सेनाले अकीललाई लक्षित गरी आक्रमण गरेको जनाएको छ, जसमा अन्य दश जना वरिष्ठ कमान्डरहरुकोसमेत मृत्यु भएको छ । हेज्बुल्लाहको नजिकको एक स्रोतका अनुसार अकील घटनाको क्रममा 'कमान्डरहरूसँगको बैठकमा हुनु हुन्थ्यो । लेबनानको स्वास्थ्य मन्त्रालयले आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य ६६ जना घाइते भएको जनाउदै मृतकको सङ्ख्या बढ्न सक्ने उल्लेख गरेको छ ।

# पाल्पामा रोकिएन बालविवाह

# १३ प्रतिशत किशोरी आमा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ५/पाल्पाको निस्दी गाउँपालिका मित्यालकी शान्ती सारु (परिवर्तित नाम)को १५ वर्ष हुँदा मागी विवाह भयो । अहिले उनी २३ वर्षकी भइन् । सारुका चार वर्षका छोरा छन् । उनलाई अहिले सानैमा विवाह भएकोमा पछुतो छ ।

उमेर नपुगी विवाह भएकाले उनले अफ्ना धेरै चाहनाहरुलाई मनभित्रै खुम्च्याउनु परेको छ । 'बिहे गर्दिन भन्न कहाँ पाइन्थ्यो र घरपरिवारको चाहनाअनुसार विहे गर्नुपर्थ्यो, आफूलाई परेका हिंसा बारेमा पनि बोल्न सक्दिनथें । आफूसरहका धेरैजसो साथीहरुको सानैमा विवाह भएको थियो । मेरो बालविवाह भएको अहिले बल्ल महशुस हुन्छ', उनले भनिन् । जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको तथ्यांक अनुसार सारु जस्तै पाल्पाका गर्भवती महिलामध्ये करिब १३ प्रतिशत बिहे गर्नका लागि नेपालको कानुनले तोकेको न्यूनतम उमेर २० बर्ष भन्दा कमका छन् । बितेका तीन आर्थिक बर्षमा कूल १३ हजार ९ सय ९८ गर्भवती महिला मध्ये एक हजार ७ सय ८१ जना २० बर्ष मुनिका अर्थात् १२ दशमलव ७२ प्रतिशत थिए । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख तथा तथ्यांक अधिकृत टुकप्रसाद पोखरेलका अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गर्न जाने महिलाहरुको उमेर हेर्दा यो अवस्था

**२० वर्ष मुनीका गर्भवती किशोरीहरुको त्रि-वर्षीय तथ्यांक (२०७८/०७९-२०८०/०८१)**

| आ.व./स्थानीय तहको नाम | रामपुर | पूर्वखोला | रम्भा | बगनासकाली | तानसेन | रिब्दीकोट | रैनादेवी छहरा | तिनाउ | माथागढी | निस्दी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८/०७९ | ९० | ४० | २६ | २२ | २०२ | १९ | ७८ | ८५ | ६५ | ७२ | ६९९ |
| २०७९/०८० | १०४ | १९ | २७ | २० | २०९ | २७ | ६४ | ४५ | ७४ | ८३ | ६७२ |
| २०८०/०८१ | ८० | २५ | २० | १२ | ८० | २३ | ५४ | ४३ | ३२ | ४१ | ४१० |

देखिएको हो । कति गर्भवतीहरु स्वास्थ्य संस्थामा नआएका हुनसक्ने भएकाले यो मात्रा बढ्न सक्ने पोखरेलले बताए । यी तीन वर्षमा भएका गर्भवतीमध्ये उमेर नपुगेका निस्दी गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २५ प्रतिशत थिए । तिनाउ गाउँपालिकामा २३, माथागढी गाउँपालिकामा २१, रैनादेवी छहरा गाउँपालिकामा १९, रामपुर नगरपालिकामा १५, रिब्दीकोट गाउँपालिकामा १४, पूर्वखोला गाउँपालिकामा १३, रम्भा गाउँपालिकामा ११, बगनासकाली गाउँपालिकामा ८ र तानसेन नगरपालिकामा ८ प्रतिशत किशोरीहरु आमा बनेका हुन् ।

**बालविवाह रोक्न पालिकाको प्रयास असफल**

स्थानीय तहले बालबालिकाको हितका लागि भनेर कार्यक्रम तय गरेका त छन् तर ती सबै असफल जस्तै भएका छन् । उनीहरुले आफ्नो पालिकालाई 'बालमैत्री' घोषणा गर्ने होडबाजी गरेका छन् । बालबालिकाका नाममा पाल्पाका पाँचवटा पालिकाले ३ करोड ८ लाख रुपैयाँभन्दा बढी बजेट खर्च गरेका छन् । तर उपलब्धी भने शून्य जस्तै छ । चैत्र १४, २०७७ मा लुम्बिनी प्रदेशमै पहिलो 'बालमैत्री' गाउँपालिका घोषणा गरेको **बगनासकाली** गाउँपालिकाले अहिलेसम्म 'बालमैत्री' कार्यक्रमका लागि १ करोड १९ लाख ५० हजार रुपैयाँ बजेट खर्च गरिसकेको छ । तर यहाँ बालविवाह रोकिएको छैन । जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर उमेर नपुगी बिहे गर्ने चलन रोक्ने प्रयास भए पनि बालबिबाह रोकिएको छैन । यस्तै, **रम्भा गाउँपालिकाले** आफ्नो पालिकालाई २० पुस, २०७८ मा बालमैत्री गाउँपालिका घोषणा गरेको थियो । यहाँ यससम्बन्धी कार्यक्रमका लागि अहिलेसम्म ५६ लाख ५० हजार रुपैयाँ रकम खर्च भएको छ । बालविवाह घटाउन चेतनामूलक कार्यक्रम गर्ने गरेको छ । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बालविवाह हुने दर घटाउन सफल भएको दाबी गरे । तर पनि यहाँ अझै पनि लुकीछिपी बालविवाह भइरहेका छन् । सबै भन्दा बढी किशोरी आमा बनेको **निस्दी गाउँपालिकाले** २०७९ भदौदेखि ७ वटै वडामा विभिन्न बालमैत्री कार्यक्रम चलाएको छ । त्यसका लागि अहिलेसम्म ८७ लाख रकम खर्चि सकेको छ । बालविवाह केही मात्रामा घटे पनि रोकिएको छैन ।

**-बाँकी अन्तिम पेजमा...**

## चट्याङ लागेर एकको मृत्यु



**ढोरपाटन (बागलुङ),** असोज ५/निसीखोला गाउँपालिका-३ किटनीकी २४ वर्षीया रजना बुढाको शुक्रबार राति चट्याङ लागेर मृत्यु भएको छ । आफ्नै घरभित्र बसिरहेको अवस्थामा चट्याङ पर्दा गएराति उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए । उनका अनुसार स्थानीयले इलाका प्रहरी कार्यालय झिवाखोलामा राति १ बजे खबर गरेका थिए । चट्याङ परेको खबर पाएलगत्तै प्रहरी वरिष्ठ हवल्दार केशव बुढाथोकीको कमाण्डमा दुई जना प्रहरी टोली घटनास्थलमा गएर उद्धार गरेको उनको भनाइ छ । थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट प्रहरी निरीक्षक आनन्द बस्नेतको कमाण्डमा सात जनाको प्रहरी टोली खटिएको उनले जानकारी दिए । बुढाको शव परीक्षणका लागि बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याउने तयारी भइरहेको छ । चट्याङका कारण बुढाको घर र विद्युतीय सामग्रीमा क्षति पुगेको छ । बुढाकी सासू र दुई वर्षीया छोरी भने सकुशल रहेको जनाइएको छ । *-रासस*

## 'अख्तियारमा गलत नियतले उजुरी दिंदा सास्ती भयो'

**पाल्पा,** असोज ५/जिल्लाको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले गलत नियतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिदाँ स्थानीय तहहरुले सास्ती भोग्नु परेको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले आयोजना गरेको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी स्थानीय तहस्तरीय अन्तर्क्रिया कार्यक्रमलाई रामपुरमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

नगर प्रमुख थापाले आयोगमा गलत नियतले उजुरी दिँदा आफुहरुले सास्ती खेप्नु परेको भन्दै त्यस्ता उजुरी दिनेहरु माथि छानविन हुनुपर्ने धारणा व्यक्त गरे । उनले गलत नियतले दिएका उजुरीले विकास निर्माणका काम प्रभावित भएको भन्दै उजुरी दिनेहरु माथि पनि छानविन गर्न आयोगलाई आग्रह गरे । 'कतिपय अवस्थामा ज्ञान नहुँदा काम भाको छ तर मुद्दा पर्ने अवस्था आएको छ ।



अहिले अख्तियारको जवाफ दिँदा दिँदा हैरान भएको छ । एक जना कर्मचारी नै व्यवस्थापन गरेर अख्तियारको जवाफ लेख्न लगाउनु पर्ने अवस्था सिर्जना भएको छ । यदि गलत नियतले उजुरी हालेको छ भने छानविन गर्न आवश्यक छ' उनले भने । नगर प्रमुख थापाले समाजमा आफ्नो काम जसरी पनि प्रलोभनमा पारेर गर्ने, अरुको काममा औला ठड्याउने प्रवृति हावी हुँदै गएको पनि उल्लेख गरे । उनले आफुले कुनै गल्ती गरेको छैन् भने कसैले उजुरी हाँल्दैमा डराउन नपर्ने बताए । नगर उपप्रमुख बालकुमारी थापाले अख्तिायारको बारेमा जानेको ज्ञान अरुलाई पनि सिकाउन आवश्यक रहेको बताइन् । उनले न्यायिक समितिले कानुनी सल्लाहाकार राख्न नपाउँदा न्याय सम्पादनमा समस्या भएको गुनासो गरिन् । रामपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितले इञ्जिनयरिङको पाटोमा प्रशासनका कर्मचारीलाई थाहा नहुने तर इन्जिनियरले पास गरेको फाईलमा हस्ताक्षर गर्दा पछि प्रशासनका कर्मचारीले पनि मुद्दा खेप्नु पर्ने अवस्था रहेको बताए । रामपुर नगरपालिकाका प्रवक्ता एवं वडा नं.१ का वडा अध्यक्ष कपिलबहादुर खाँणले अख्तियारप्रति जनताको विश्वास बढेको बताउँदै कतिपय अवस्थामा स्पष्ट ऐन तथा कानुनहरु नबन्दा स्थानीय तहमा समस्या देखिएको उल्लेख गरे । दरैठाँटी माविका प्रधानाध्यापक सुन्दर प्रसाद देवकोटाले अख्तियार दुरुपयोगको विषयमा जानकारी नहुँदा पनि समस्या भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## नीति तथा कार्यक्रम कार्यान्वयनमा स्पष्ट हौं

नेपाली काँग्रेस र एमालेको संयुक्त सरकारले केही नयाँ र प्रभावकारी जनपक्षिय कार्य गर्ला भन्ने सबैमा आशा र विश्वासको वातावरण बनि रहेका बेला सरकार सञ्चालन र जनसरोकारका विषयमा सरकारका कुनै पनि निकायहरु जिम्मेवार देखिंदैनन् । जनता प्रतिको उत्तरदायित्व बोध नगर्ने परिपाटीलाई वर्तमान सरकारले पनि निरन्तरता दिएको जस्तो भान भएको छ ।

आर्थिक सूचकहरु हरेक दिन ओरालो लागि रहेका छन् । विकास पहाड र हिमाल केन्द्रीत भएता पनि बसाईसराईका कारण जनघनत्व घटेको छ । सडक बनेका छन् तर पहाडबाट तराई झर्नेहरुका लागि र तराईको खाद्यान्न खरिद गरेर पहाड लैजान मात्रै सिमित भएको आभाष हुन थालेको छ । पहाडबाट तराई झर्दा खचाखच भरिएका सवारी साधनहरु पहाडतर्फ लाग्दा खाद्यान्नवाहक जस्तै भएको अनुभूति हुन थालेको छ । पहाडको उत्पादन र तराईको उत्पादनबीच वस्तु विनिमयको परम्परा तोडिएको छ । पहाड खाली हुँदै जाँदा तराईले पनि बसाईसराईका हरेक पौंखहरु तिखारेर राखेको जस्तै अनुभूति हुने वातावरण पनि कम छैन् । पहाडबाट तराई हुँदै राजधानी केन्द्रीत हाम्रो सोंच, राजधानीबाट वैदेशिक यात्राका लागि हरेक युवा अनि जीवनको उत्तरार्द्ध काल पार गर्दै गरेको सिंगो समाज देश बाहिरिन खोज्नु आफैमा अत्यन्तै गम्भीर विषय हो ।

संसार गाउँ जस्तै भएको परिभाषाले मात्रै मुलुक चल्दैन् । यति त्यो परिभाषा कार्यान्वयन गर्ने हो भने हामीले पनि अन्य अरु देशका नागरिकलाई शीप, कला र प्रविधिसँगै हामी कहाँ ल्याउन सक्नुपर्ने थियो । त्यो सकिएको छैन् । हाम्रो सक्षम जनशक्ति हामीबाट बाहिर जाँदै गर्दा मुलुक खाली हुने भयो । भूगोल, प्रकृति, सुन्दर वातावरणले मात्रै मुलुक नचल्ने कुराप्रति हाम्रो नीति र योजनाहरुले परिभाषित गर्न सक्नुपर्नेमा त्यसो भएको छैन् । त्यस कारण तमाम समस्याको समाधान गर्न नीति र कार्यक्रमलाई सहजताका साथ कार्यान्वयन गर्ने दिशामा सरकार स्पष्ट हुनुपर्ने देखिन्छ । अन्यथा सुधारका आधारहरु पहिल्याउन सकिने अवस्था रहन्न ।

### Opinion @ Social Network

सोच यति सुन्दर होस कि कसैले गरेको
अपहेलनामा पनि प्रेरणा भेटियोस ।
(सोनिया रानाको फेसबुक स्टाटस https://www.facebook.com/Soniya.Rana)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामयिकी : आश्वासनको पोको, फगत् पानीको फोको !



## बद्रीप्रसाद दाहाल

*आवश्यकता परेमा संविधान सुधार गर्न आयोग पनि बन्न सक्छ भन्ने मान्यता पनि राखिएकोले खर्चालु भारपरक राजनीतिक संरचनाको छरितो र वस्तुपरक अभियान सुव्यवस्थितता हुन्छ भनेर जनता भर परिरहेका छन् । तर, यति धेरै समय बितिसक्दा पनि ओली सरकार कछुवा गतिमै रल्लिनु र जनताको दैनन्दिनीमा केही राहत जनताले आस्वाद गर्न नपाउनु बिडम्वना होइन र ? चाडवाड आउने बित्तिकै महँगीले टाकुरा छुनु र कालो बजारियाहरूको रजगज चल्नु, सुशासनको महसुस गर्न नपानुसरकारको कार्यशैलीमा नवीनता नआउनु होइन र ? आफू प्रधानमन्त्रीबाट फुत्किएपछि प्रचण्डले संसदलाई सम्बोधन गर्दै वैयक्तिक पीडा जो धेरै आक्रोश मिश्रित पनि थिए, त्यसलाई विरेचन गर्दै काग्रेसएमाले गठबन्धनको अन्तर्यलाई यसरी यसरी प्रस्तुति दिए : 'काग्रेस र एमालेलाई 'डर'ले मिलाएको हो, त्यो 'डर सुशासनको हो' । अनिलगत्तै भएको माओवादी पार्टी मिटिङमा काग्रेएमालेको संविधान संशोधन हामीले क्रान्ति गरेर ल्याएको गणतान्त्रिक उपलब्धिलाई समाप्त पार्ने प्रतिगामी षड्यन्त्र हो भनेर व्याख्या त्यसविरुद्ध आफ्नो दल सदन र सडकमा लड्ने हौवा पनि पिटाए ।*

'आश्वासन' यो शब्दलाई विग्रह वा शल्य क्रिया गर्दा अर्थात् छुट्याउँदा यस्तो रूप 'आ+श्वस्+अन (ल्युट्)'- आश्वासन, देखिन्छ । यसको अर्थ वा आसय नेपाली बृहत् शब्दकोषले यसरी गरेको छः- '(१) सास फेर्ने काम, फोक्साले वायुभित्र तान्ने प्रक्रिया, (२) भरोसा, पत्यार, ढाढस, विश्वास, भर, (३) ठूलाबडाले दिने अभयदान' । पोको भन्नाले कुनै वस्तु भित्रपट्टि हाली झुण्ड्याउन हुने पारी कागत वा कपडा बेरेर बनाइएको सानो कुम्लो वा गठरी हो । यस्तो सुन्दर आसय बोकेको तर के के कुराले जाम पारेर अबरुद्ध भएको भाम विषय बन्छन् त आश्वासनका पोकाहरू ! के आश्वासनका कुम्ला कुटुरा बतुराहरूका जाल, फगत् उनीहरूकै रणनीतिक अस्त्र र भाला चम्काउने सूत्र या समाउन नसकिने इन्द्रेणी त हैनन् । 'भोको भन्छ डाडाँ-वारि खाऊँ, अघाएको भन्छ डाडाँपारि खाऊँ' त भइराखेको छैन ? संविधान परिमार्जनका मुद्दा ? 'जनताको त्याग र शहीदहरूको बलिदानको सम्मान गर्ने तथा समयानुकूल नेपालको संविधानमा परिमार्जन अर्थात् सुधार' हिजो दिइएका आश्वासनका उदार कुराका पोका पुन्तुराहुन् ! अहिले यो काम जटिल छ भनेर पर धँकेल्न मिल्दैन । परीक्षाहरूमा असफल हुँदै आएकालाई पुन: अन्तिम मौकापरीक्षा आएको छ । भनिएको पनि छ :

*धनञ्जये हाटक संपरीक्षा, महारणे शस्त्रभृतां परीक्षा ।*
*विपत्तिकाले गृहिणी परीक्षा, विद्यावतां भागवते परीक्षा ।।*

अर्थात् सुन आगोमा खारेर परीक्षा हुन्छ भने शस्त्रास्त्रधारी वीर हो कि होइन ? भन्ने जाँच महासमर लड्दाको लडाकूको थितिबाट हुन्छ । आफूलाई संकट आउँदा जीवनसँगिनीको परीक्षा हुन्छ भने कुनै मान्छे विद्वान् हो होइन भनेर कसी लगाउने कुरा श्रीमद्भागवत् हो । अब यो अन्तिम मौका परीक्षालाई चौका दाउ भनेर कौडा नफिजाऊ । केपी ओली प्रधानमन्त्री बन्नुभएको झन्नै सत्तरी दिन पुगिसक्यो । जनतालाई काग्रेसएमाले गठबन्धन सरकारले त्यतिखेर दिएको आश्वासन राजनीतिक अस्थिरता चिर्ने, कमजोर आर्थिक दशालाई सुधारको दिशामा लैजाने, संविधान संशोधन र निर्वाचन प्रणालीमा सुधार गर्ने, सुशासनको अनुभूति दिनेजस्ता पक्षलाई मूल आश्वासन वा आडभरोसा दिइएको थियो । आवश्यकता परेमा संविधान सुधार गर्न आयोग पनि बन्न सक्छ भन्ने मान्यता पनि राखिएकोले खर्चालु भारपरक राजनीतिक संरचनाको छरितो र वस्तुपरक अभियान सुव्यवस्थितता हुन्छ भनेर जनता भर परिरहेका छन् । तर, यति धेरै समय बितिसक्दा पनि ओली सरकार कछुवा गतिमै रल्लिनु र जनताको दैनन्दिनीमा केही राहत जनताले आस्वाद गर्न नपाउनु बिडम्वना होइन र ? चाडवाड आउने बित्तिकै महँगीले टाकुरा छुनु र कालो बजारियाहरूको रजगज चल्नु, सुशासनको महसुस गर्न नपानुसरकारको कायैशैलीमा नवीनता नआउनु होइन र ? आफू प्रधानमन्त्रीबाट फुत्किएपछि प्रचण्डले संसदलाई सम्बोधन गर्दै वैयक्तिक पीडा जो धेरै आक्रोश मिश्रित पनि थिए, त्यसलाई विरेचन गर्दै काग्रेसएमाले गठबन्धनको अन्तर्यलाई यसरी यसरी प्रस्तुति दिए : 'काग्रेस र एमालेलाई 'डर'ले मिलाएको हो, त्यो 'डर' सुशासनको हो' । अनिलगत्तै भएको माओवादी पार्टी मिटिङमा काग्रेएमालेको संविधान संशोधन हामीले क्रान्ति गरेर ल्याएको गणतान्त्रिक उपलब्धिलाई समाप्त पार्ने प्रतिगामी षड्यन्त्र हो भनेर व्याख्या त्यसविरुद्ध आफ्नो दल सदन र सडकमा लड्ने हौवा पनि पिटाए । सो भनाइलाई खण्डन गर्दै काग्रेस प्रवक्ता प्रकाशशरण महतले स्पष्ट पार्दै भने : 'दुई दल मिलेर प्रतिगमनतिर जान लागे भन्ने भाष्य गर्न खोजिएको छ, त्यस्तो होइन, समावेशी सिद्धान्तलाई कायम राख्दै कसरी स्थिर सरकार बनाउनेपद्धति निर्माण गर्न सकिन्छ भन्ने हिसाबले नेपाली काग्रेस र एमालेबीच समझदारी भएको हो' । यतिखेरका गठजोडमा सरिक पाँच दलका शीर्ष भनिएका नेताहरू भदौ २४ गते बैठक बसेर बलै न्यूनतम साझा कार्यक्रम ल्याउने निचोडमा पुग्न छलफलको कसरतमा छन् भनेर मिडियामा आएको छ । सातबुँदेलाई नै आधार बनाएर सरकार सञ्चालनको विधिसँगै सबै दलको सहमतिमा न्यूनतम साझा कार्यक्रम आउने बताएका छन् । जसअनुसार संविधान संशोधनबारे छलफल, सरकारको प्रतिरक्षा, संसदलाई बिजनेस दिने, संसदमा विचाराधीन सत्रवटा विधेयकलाई कानुननिर्माण तहमा पुऱ्याउने, जस्ता पक्षहरू विमर्शमा समेटिएको जनाएका छन् । जसमा गठबन्धन दलहरू ने.कां., एमाले, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी नेपाल, नागरिक उन्मुक्ति पार्टी रहेका छन् । भर्खर सरकारमा सहभागी पार्टीबीच चलेको यो बैठकले कहिले निष्कर्षमा पुगेर सत्ताइतर दलहरूसित छलफल चलाएर राष्ट्रिय सहमति निर्माण गरी संविधानलाई परिमार्जन गर्लान् ? कतै माझीका मतभिन्नतालेगर्दा सात गाउँ डुब्छ, आकाशको फल आँखा तरी मर, मच्चियो मच्चियो जहाँको त्यहीँ थच्चियो, चुच्चे ढुङ्गो उही टुङ्गो त हुँदैन ? यहाँका परीक्षित राजनीतिक अभिकर्ताहरूका लत र ल्यागत हेर्दा आम जनतालाई शङ्काको सुविधाले झसङ्ग बनाएको छ । त्यसैले त आश्वासनका पोका फगत् पानीका थोपा नबन्लान् भन्न सकिँदैन । किनभने विगतमा ०७२को संविधान निर्माण गर्न कति समय लाग्यो ? आर्थिक व्ययमात्र एक खर्ब १७ अर्ब भएको तीतो यथार्थ हामीसित ताजा छ अझ यसमा सुरक्षा निकायको खर्च जोडिएको छैन भन्छन् । त्यत्रो धनराशि खर्चिएर ल्याएको संविधान दस वर्ष नपुग्दै सङ्कटतिर पो हानियो त गाँठे ! आदर्शबाट स्खलित, सिद्धान्तबाट गलित, उत्साही र ऊर्जाशील हुनबाट थकित आत्मकेन्द्री शासनप्रशासनको नतिजा नै हो आजको परिवेश भन्दा प्रतिगामी र दराग्रही सोच नभएर अग्रगामी र सुविचारित निष्कर्ष भन्न अप्ठ्यरो पर्छ र ? यक्ष प्रश्नहरू घोचा बनेर उभिएका छन् । शासनप्रशासन दुवै क्षेत्रका कर्ताहरू अत्यधिक सम्पन्न र सम्भ्रान्त हुँदै जानु तर जनता नाना थरी कर, महँगी, अन्याय र पक्षपातले असुरक्षामा कहरिलो जिन्दगी घिसारेर हिँडिरहनु पर्ने दर्दनाक दृश्यले किन देश हाँक्नेहरू संवेदित बन्न सक्दैनन् । यही उदास र हतास परिवेशले देशमा युवा प्रतिभाहरू बाध्यतावस विदेश मोहमा खिचिएका छन् । मूलत: यहाँको १, आत्मकेन्द्री संकुचित शासनप्रशासनले उब्जाएको अविश्वास, २, रोजगारीको अभाव, कोरा टापटिपे सीपविनाको शिक्षा, ३, ठूलाबडाको देखासिखी, ४, युवामैत्री कार्यक्रम ल्याउनमा अल्छी म्यादे सरकारहरू, ५, घिनलाग्दा काण्ड र भ्रष्टाचार तथा आफन्तहरूकै दबाब आदिका कारण विदेशिने तरुणहरूको लर्को बढिरहेको छ । यसको निराकरण गरेर आमजनतासित विश्वास आर्जन गर्ने सही दूरदृष्टि भएको युगपुरुषको अभावले देश देश हुन कठिन रहेछ । प्रधानमन्त्री, मन्त्री, प्रदेशस्तरीय मुख्यमन्त्रीलगायतका कयौं मन्त्रीहरू यस्तो संवेनशील समयमा पनि विनायोजना दिनहरू कटनी गरी जाँगिर पकाउने, कर्मचारी सरुवा तथा बढुवा गर्ने, आफ्ना नाता, चाकर र झोलेहरूलाई लाभान्वित स्थानमा सिफ्ट गर्ने मध्ययुगीन अभिधारणाबाट ग्रस्त न् । प्रधानमन्त्री ओलीले गत शनिबारदेखि बूढानीकण्ठमा आयोजित 'स्थानीय तहमा जनसङ्गठन सुदृढीकरण' विषयक दुई लिने गोष्ठीको उद्घाटनमा 'मिसन चौरासी'अन्तर्गत एमालेलाई मुलुकको राजनीतिक निर्णायक शक्तिको रूपमा स्थापित गर्ने बताउँदै आफ्नो सारा सामर्थ्य लगाउन कार्यकर्ताहरूलाई आफवान गर्नुभयो । पहिलेकै खिस्याउने बानीलाई नानी बनेर हचुवा तथ्याङ्कमार्फत मिसन २०८४ मा माओवादीले राष्ट्रिय पार्टीको रूपमा बल्बल्ल अडिन सक्ला कि भनिदिएर आफ्नो पार्टी संगठनकै कुरा दोचारे । संविधान संशोधन, सुशासनको प्रत्याभूति, चुनावी पद्धति, भ्रटाचार नियन्त्रण र भावी राष्ट्रिय सहमतिबारे मौन रहे । नीतिमा भनिएको छ :

*अकीर्ति विनयो हन्ति, हन्त्यन्यर्थ पराक्रमः ।*
*हन्ति नित्यं क्षमा क्रोधः, आचारो हन्त्यलक्षणम् ।।*

अर्थात् अकीर्तिलाई विनयशीलता अर्थात् नम्रताले, अनर्थ वा असामान्य अवस्थालाई पराक्रम मतलव पुरुषार्थ र साहसले, क्रोध अर्थात् आवेगात्मक रोष, सदाचारले गलत आचरण वा बानीबेहोरालाई विनाश गर्ने क्षमता राख्छ भनेर पढेका ओलीप्रभृति सबै दलका शीर्ष र तीर्थ बनेका मठाधीशहरूले कहिले वा कुन जन्ममा व्यवहारमा ल्याउने त ? नेपालका सत्तापिपासु शासकहरूले यो श्लोकको हेक्का राख्न किन सकेनन् ? के सधैं ठेक्का लिएकाहरू एक्का बनेर राष्ट्रिय सहमतिको महायज्ञ निष्पन्न हुन्छ ? त्यसैले विगत पैंतीस वर्षदेखि चलेको मेलम्ची खानेपानीझैं त्यति नै समय बुढ्याएको यो भीडतन्त्रले घेराबन्दी गरेको प्रणाली अब पनि परिमार्जन हुनसक्दैन भने नेपाल र नेपालीको लागि विडम्बना हो ! लोकतान्त्रिक मूलधारका हस्ती हुँ भनेर गर्व गर्ने काङ्ग्रेसएमालेलाई यसरी अलमलिने र रल्लिने सुविधा छैन र हनिमुनको समय भनेर जनता स्नेह गर्ने अवस्थामा छैन । युद्धस्तरमा योजनाबद्ध ढङ्गले १८ घण्टा देशको समृद्धि, विकास र सुशासनको चिन्तनमा चिन्तित बन । सधैं जनतालाई आश्वासनका पोका थमाएर त्यसलाई फगत् पानीका थोपा बनाउने नकाम नहोस् । अस्तु !

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ । | **तुला** : शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ ।रोकिएको धन हात पर्ला । |
| **वृष** : व्यापार व्यवसायमा सफलता मिल्ने छ । साथीभाइले पनि राम्रैसहयोग जुटाउनेछन् | **वृश्चिक** : न्यायिक कार्यमा सफलता मिल्ने छ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ । |
| **कर्कट** : घरमा अतिथिको आगमन पनि हुन सक्छ । मनमा खुसी छाउँनेछ । | **मकर** :आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । |
| **सिंह** : ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ । | **कुम्भ** :भाग्यले विभिन्न अवसर जुराउने छ । घरमा अतिथिको आगमन हुनेछ । |
| **कन्या** : मालसामान हराउन सक्छ ।आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । | **मीन** : महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ । |

# कृषि

## एक हजार ८५० रोपनी जग्गा चक्लाबन्दी गरि खेती



बागलुङमा एक हजार ८५० रोपनी जग्गा चक्लाबन्दी गरिएको छ । चक्लाबन्दीमा गरिएको फलफूल खेतीले अधिकांश बाँझो जग्गा हराभरा हुन थालेको छ । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाअन्तर्गत बाँझो जग्गाको सदुपयोग तथा जग्गाको उपयोगिता बढाउनका लागि गरिएको चक्लबान्दी कार्यक्रम प्रभावकारी बनेको छ । तरकारी खेती बाहेक ओखर, कागती, किबी, सुन्तला, स्याउ र किबी खेती अधिकांश बाँझो जग्गा सदुपयोग गरी चक्लबान्दी कार्यक्रमअन्तर्गत विस्तार गरिएको छ । बागलुङमा बाँझो जग्गाको उपयोगिता बढाउनका लागि ल्याइएको चक्लबन्दी कार्यक्रम सफल भएको छ । चक्लाबन्दी कार्यक्रमअन्तर्गत चार वर्ष यता सुन्तला १४० रोपनी, ओखर ४४० रोपनी, तरकारी ४०० रोपनी, कागती २५० रोपनी, स्याउ ५४० रोपनी र किबी ८० रोपनी क्षेत्रफलमा विस्तार गरिएको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाका निमित्त प्रमुख नारायण पौडेलले जानकारी दिए । चक्लाबन्दीमा खेती गरेको तरकारी र सुन्तला बाहेक अन्य जग्गा खेती योग्य भएर समेत बाँझो भइसकेको जग्गा रहेको पौडेलको भनाई छ । “एउटा चक्लाबन्दी कार्यक्रमका लागि रु. १० लाख खर्च हुन्छ, १५ स्थानमा चक्लाबन्दी सम्पन्न भइसकेको छ, चालु आर्थिक वर्षमा तीन स्थानमा चक्लाबन्दीका लागि रु. ३० लाख बजेट बिनियोजन भइसकेको छ” पौडेलले भने “ओखरसहित फलफुल खेतीको अधिकांश खेतीयोग्य जग्गा पछिल्लो समय बाँझो रहेको थियो, अहिले त्यही बाँझो जग्गामा चक्लाबन्दीका कारण हराभरा कागती, स्याउ, तथा ओखरका विरुवा हुर्किरहेका छन् ।”

चक्लाबन्दीका कारण कृषिमा आधुनिकरण गर्न सकिने, यन्त्रको प्रयोगले खेती गर्न सकिने र धेरै उत्पादन गर्दा बजारको समस्या नहुँने भएकाले किसान चक्लबन्दीमा आकर्षित भएका हुन् । चक्लाबन्दी कार्यक्रमअन्तर्गत जैमिनी नगरपालिका-२ मा सुन्तला खेती, महाशिला गाउँपालिका-१, बागलुङ नगरपालिका-९ र जैमिनी नगरपालिका-३ मा ओखरखेती, बागलुङ नगरपालिका-८ सिगाना, जलजला गाउँपालिका-७ र कुश्मा नगरपालिका-११ मा तरकारी खेती, ढोरपाटन नगरपालिका-९ स्थित नवी, मसलगायतको गाउँमा स्याउखेती, बागलुङ नगरपालिका-१२ मा कागती खेती र निसीखोला गाउँपालिका-४ थापागाउँमा किबी खेती बिस्तार गरिएको छ । बाँझो जग्गालाई एउटै पलट बनाउने, जग्गाको खण्डिकरण मिलाउने र एकल बाली लगाउने कामलाई चक्लाबन्दीका रुपमा लिने गरिन्छ । बाँझो जग्गामा एकिकृत खेती गर्नका लागि किसानलाई चक्लाबन्दी कार्यक्रमले आकर्षित गरेको ढोरपाटन नगरपालिका-९ का स्याउ किसान चिरन कुमार घर्तीले बताए। बाँझिन थालेको १०० रोपनी जग्गा चक्लाबन्दी गरे एक हजार २०० स्याउका बिरुवा लगाएको बताए । बसाइँसराइले क्रमशः गाउँका जग्गाहरु बाँझो पल्टिने, जग्गाको खण्डिकरणका कारण यन्त्रिकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दीको योजना ल्याइएको छ । नगदेबालीको उत्पादन बढाउने, यान्त्रिकरणको माध्यमबाट उत्पादन लागत घटाउने र खेर गएको जग्गालाई सदुपयोग गर्नका लागि जग्गा चक्लाबन्दीको योजना अघि सारेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना बागलुङले जनाएको छ । चक्लाबन्दी कार्यक्रममा समावेश हुँनका लागि फर्मको ६० रोपनी र समूहको १०० रोपनी भन्दा माथी जग्गा हुन आवश्यक छ । चालु आर्थिक वर्षमा तीन स्थानको चक्लबान्दीका लागि रु. ३० लाख बजेट विनियोजन भएको र तिहारपछि चक्लाबन्दी कार्यक्रमको छनौट गरिने छ । *-रासस*

## केराखेतीबाट वार्षिक १४ लाख आम्दानी



दाङमा पछिल्लो समय केराखेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ । जिल्लाको देउखुरी क्षेत्रमा केराखेतीका लागि माटोसँगै सिँचाइको सुविधा भएको र थोरै खेतीबाट राम्रो आम्दानी लिन सकिने भएकाले व्यावसायिक केराखेती गर्नेको सङ्ख्या बढ्दै गएको हो । राप्ती गाउँपालिका-७ सिसहनिया निवासी विद्याबहादुर चौधरी विगत चार वर्षदेखि केराखेती गर्दै बताएका छन् । तीन बिघा जग्गा भाडामा लिएर व्यावसायिक केराखेतीमा लागेका उनले वार्षिक रु १३-१४ लाख बराबरको केरा बिक्री गर्दै आएको बताउन्छन् । केराखेतीबाट राम्रो आम्दानी लिँदै आएका किसान चौधरी भन्छन् “अन्य कृषि व्यवसायको तुलनामा केराखेतीले राम्रै आम्दानी दिने गरेको छ । खासै मेहनत पनि गर्न पर्दैन ।” रोपेपछि समय-समयमा गोडमेलसँगै पानी र मलको व्यवस्था गर्नुपर्ने भए पनि अन्य बालीजस्तो मेहनत गर्न नपर्ने उनि बताउन्छन् । उनिअन्य कृषिबालीजस्तो जोखिम नहुने र परिवारसँग घरमा बसेर राम्रो आम्दानी गर्न सकिने भएकाले केराखेतीबाट सन्तुष्ट रहेको र आगामी दिनमा खेतीलाई बढाउँदै लैजाने तयारीमा रहेको बताउन्छन् । किसान चौधरीले भने, “उत्पादन भएको केरा बिक्रीमा समस्या छैन, अहिलेसम्म उत्पादन भएको केरा व्यवसायीले बारीबाटै लग्ने गरेका छन् ।” भारतबाट आउने केराले स्थानीय व्यवसायीलाई असर गर्ने गरे पनि जिल्लामा थोरै उत्पादन हुने गरेकाले अझै त्यो खालको समस्या बेहोर्नु नपरेको उनि बताउन्छन् । उनिजस्तै सोही ठाउँका रणप्रसाद सुवेदीले पनि छ बिघा जमिनमा व्यावसायिक केराखेती गर्दै बताएका छन् । अन्य कृषि बालीको तुलनामा कम मेहनतमै राम्रो आम्दानी लिन सकिने भएकाले विगत तीन वर्षदेखि व्यावसायिक केराखेतीमा जोडिनुभएको हो । केराखेतीका लागि उपयुक्त वातावरणसँगै बजारको पनि समस्या नदेखिएकाले धानखेती हुने जमिन मासेर केराखेतीमा लागेको बताए । थोरै लगानीमा एक्लै गर्न सकिने र रोपेपछि लामो समयसम्म आम्दानी लिन सकिने भएकाले केराखेतीमा लागेको बताउन्छन् । उत्पादन भएको केरा अहिले बिक्रीको समस्या नभएको भन्दै सुवेदीले भने, “केराको बिक्रीमा पनि समस्या छैन । उत्पादन भएको केरा राम्रै मूल्यमा बिक्री हुने गर्छ ।” कृषि ज्ञान केन्द्रका कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेका अनुसार जिल्लामा छ सय ७० हेक्टर जमिनमा व्यावसायिक केराखेती हुने गरेको छ । त्यसमध्ये पाँच सय ३० हेक्टरमा रोपेको केराले वार्षिक चार हजार पाँच सय ३५ मेट्रिक टन उत्पादन दिने गरेको छ । यो उत्पादनले अन्य समयमा बजारको करिब ६० प्रतिशत माग धान्ने गरे पनि चाडपर्वमा बाहिरी जिल्लाकै भर पर्नुपर्ने अवस्था रहेको कृषि अर्थविज्ञ लामिछाने बताउन्छन् । जिल्लामा देउखुरीको राप्ती, गढवा गाउँपालिकासँगै घोराही उपमहानगरपालिका, शान्ति नगरपालिका र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक केराखेती हुने गरेको छ । *-रासस*

## बाँदरबाट हैरान किसान व्यावसायिक ओखरखेतीमा



बर्सेनि खेतीयोग्य जमिन बाँझो रहने, युवा जनशक्तिको पलायन र बाँदरले दुःख दिएपछि जिल्लामा पहिलोपटक व्यावसायिक ओखरखेती सुरु गरिएको छ । महाशिला गाउँपालिकामा पहिलोपटक ओखरखेती थालिएको हो । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत गाउँपालिकाका छवटै वडामा ओखरखेती सुरु गरिएको छ । गाउँमा बाँझो रहेको जमिन सदुपयोग तथा बाँदरबाट हुने क्षति न्यूनीकरणका लागि ओखरखेती थालिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए । गण्डकी प्रदेश सरकारबाट १० हजार बिरुवा प्राप्त भएका थिएभने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ बागलुङमार्फत चक्लाबन्दीमा आधारित खेती कार्यक्रमअन्तर्गत एक हजार पाँच सय बिरुवा थप गरी ११ हजार पाँच सय बिरुवा रोपिएको छ । पालिकाका दुई सय जना किसानले व्यावसायिक रूपमा ओखर रोपेका छन् । ओखर रोपेको तीन वर्षदेखि पाँच वर्षभित्रमा फल लाग्छ । दश वर्षमा पूर्ण रूपमा फल लाग्ने अध्यक्ष भुसालले बताए । एउटा बोटले दश वर्ष पुगेपछि चार हजार दुई सयभन्दा बढी दाना उत्पादन दिने अनुमान छ । गाउँपालिकाले प्रतिबिरुवा रु चार सय ४५ का दरले खरिद गरेर किसानलाई वितरण गरेको हो । बिरुवामात्र नभई खाडल खन्न र रोप्नका लागि पनि पालिकाले अनुदान पनि उपलब्ध गराएको थियो । रोपेका सबै बोट हुर्किएर फल लागेमा अबको केही वर्षमा किसानले प्रतिफल पाउने छन् । जनशक्ति अभाव र बाँदर आतङ्कले बर्सेनि बाँझो जमिनमा ओखरका बिरुवा रोपिएका पालिकाले जनाएको छ । पालिकाले आर्थिक वर्ष २०८०-८१ मा गण्डकी प्रदेश सरकारसँग बाँझो जमिन सदुपयोग कार्यक्रमअन्तर्गत रु एक करोडको सम्झौता गरी ओखरखेती सुरु गरेको हो । बाँदर नियन्त्रणका लागि रु ३० लाख खर्चेर बाँदर निकुञ्जमा लगेर छाड्ने अभियान थाले पनि नियन्त्रण हुन नसकेपछि पालिकाका किसानलाई कम क्षति हुने बाली लगाउनतर्फ उत्प्रेरित गर्न थालिएको छ । यसअघि गत वर्षदेखि व्यावसायिक तरुलखेती सुरु गरेको पालिकाले यस वर्षदेखि व्यावसायिक कागती र सुन्तलाखेती विस्तार गरेको छ । कागतीका १० हजार र सुन्तलाका १० हजार बिरुवा किसानलाई वितरण गरिएको थियो । त्यसैगरी यस वर्षदेखि मेडाडेमियानट खेती समेत थालिएको छ ।

जापानिज कटुसको नामले चिनिने मेकाडेमिया नटखेती यस वर्षदेखि परीक्षणका रूपमा लगाइएको छ । झण्डै सात हजार बिरुवा लगाइएको महाशिला गाउँपालिकाका अध्यक्ष भुसालले बताए । यसअघि धान, मकै, कोदोलगायत बाली लगाउन छाडेर बाँझिएको अधिंकाश जमिन फलफूलखेती विस्तार अभियानले सदुपयोग भएको उनले बताए । *-रासस*

## ड्रागन फ्रुटमा भविष्य खोज्दै थापा



बागलुङको काठेखोला गाउँपालिका-१ पालाका प्रतिमान थापा कोरियाबाट फर्केर अहिले ड्रागन फ्रुटको व्यावसायिक खेती गर्न थाल्नु भएको छ । चार वर्ष अगाडि ड्रागन फ्रुटका एक हजार ५०० बिरुवा लगाएका थापाले पन्ध्र महिनामै उत्पादन दिन थालेको बताए । कोरोना कहरमा कोरियाबाट गाउँ फर्केको समयमा युट्युवमा भिडियो हेरेकै आधारमा गरेको ड्रागन फ्रुटको खेतीले व्यावसायिक उत्पादन दिन थालेपछि थापा दंग परेका छन् । गाउँकै १५ रोपनी जग्गामा ७ रोपनी बाँझो र अन्य ८ रोपनी खेतियोग्य पाखोबारीमा लगाएको ड्रागन फ्रुट हाल सम्म एक हजार २०० केजी उत्पादन भइसकेको थापाको भनाई छ । थापाले वैदेशिक रोजगार पछि गाउँको जग्गा सदुपयोग गरी ड्रागन फ्रुटको व्यावसायिक खेती थापेका थिए । कोरियामा छ वर्ष बिताइसकेका थापाले ड्रागन फ्रुटको व्यवसायिक खेती फलफुल मध्येकै सबैभन्दा सजिलोखेती रहेको अनुभव सुनाए । छोटो समयमै चार लाख भन्दा धेरै रकम ड्रागन फ्रुटबाट आम्दानी भइसकेको छ । “कोरोनाले लकडाउन थियो, फुर्सदको समय थियो कोरियाबाट फर्केको थिए, ड्रागन फ्रुटको खेती राम्रो हुनेदेखिपछि जग्गा व्यवस्थापन र विरुवा खरिद गरी २०७७ सालमै रु. २० लाख लगानी गरेको थिए, एक पटक लगानी गरेपछि निरन्तर आम्दानी दिने रहेछ” थापाले भने “बिरुवा रोपेको पन्ध्र महिनामै उत्पादन थालेपनि बिक्रिका लागि भने गत वर्षदेखि उत्पादन भइरहेको छ, यो मंसिंर सम्म दुई हजार ५०० केजी ड्रागन फ्रुट उत्पादन भइसक्ने अपेक्षा छ ।” ड्रागन फ्रुटको शुरुमा लगानी र स्याहार बढी चाहिने भएपनि पछिल्ला वर्षमा मलजल मात्रै गरे ड्रागन फ्रुट फल्ने भएकाले आफू जहाँ गएपनि समस्या नुहँने बताए । उनले आफू नहुँदा श्रीमती गोरी थापाले सहयोग गरिराख्नुभएको जानकारी दिए । केही बाँझो र केही कोदो र मकै उत्पादन हुने जग्गालाई सम्माएर ड्रागन फ्रुटको खेती थालेको उनको भनाई छ । “विदेशमा गर्ने दुःख गाउँमै गरे पनि राम्रो कमाइ गर्न सकिने देखिन्छ, कोरियामा गएर दुःख गर्न सिकियो” उनले भने “चितवनबाट एक हजार ५०० बिरुवा ल्याएर खेती शुरु गरेको थिए, अहिले ड्रागन फ्रुटलाई प्रति केजी ४०० मा बजार पठाइरहेको छु, बेनी, पोखरा र बागलुङ बजारमा ड्रागन फ्रुट खपत भइरहेको हुन्छ ।” ड्रागन फ्रुट यस्तै उत्पादन भइराखे अबको दुई वर्षमा लगानी उठाइसक्ने र त्यसपछिको आम्दानी नाफामा जाने थापाको भनाई छ । यो फल खेतीका लागि अन्य बालीलाई जस्तो धेरै मेहनत गर्न नपर्ने र शुरुमा सिमेन्टको पोल बनाएर बिरुवा लगाई दिए राम्रोसँग सर्ने थापाको भनाई छ । “एक पटक लगानी गरेपछि निरन्तर लगानी थप्न नपर्ने, उत्पादनमात्रै हुने र फाइदाका हिसाबले समेत ड्रागन फ्रुट बुहुगुणी भएकाले बजार संभावना समेत अत्याधिक छ” थापाले भने “जेठबाट उत्पादन शुरु भएको फल १५ दिन बिराएर मंसिर सम्म टिप्न पाइन्छ, मैले लगाएको रातो जातको ड्रागन फल उत्पादन भइरहेको छ ।” तराईदेखि उच्च पहाडी भेगमा पनि यसको खेती गर्न सकिन्छ । समुन्द्री सतहदेखि करिब तीन हजार मिटरसम्मको उचाईमा ड्रागन उत्पादन सम्भव छ । सुक्खा ठाउँबाट पनि यसको फल प्राप्त गर्न सकिन्छ । यो फलबाट उच्चस्तरको आइसक्रिम, इनर्जी ड्रिंक, वाइन र ब्रान्डी बनाउन सकिन्छ । यसबाट केक पनि तयार पार्न सकिन्छ । गर्मी मौसममा लस्सी बनाएर खान सकिन्छ । *-इहिमालय टाइम्स डटकम*

# आनन्द सहकारीले मनायो १४ औं साधारण सभा

**पाल्पा,** असोज ५/'क्रमिक बचत गर्ने बानी बसालौं, बोट नमासी मिठो फल खाऔं' भन्ने नारालाई आत्मसाथ गर्दै समृद्धिको दिशामा अब्बल बन्दै आएको आनन्द बचत तथा ऋण सहकारी संस्था तानसेनले १४ औं वार्षिक साधारण सभा मनाएको छ । सहकारीले शनिबार तानसेनमा एक कार्यक्रमकाबिच साधारण सभा गरेको हो ।



संस्थाका अध्यक्ष सर्जुलाल बज्राचार्यले सभाको उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै अध्यक्ष बज्राचार्यले सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको बताए । उनले भने 'सहकारीको माध्यमबाट सदस्यहरुबिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' अध्यक्ष बज्राचार्यले पछिल्लो समय देशका केही सहकारी संस्थाहरुमा रकम हिनामिना भएका घटनाहरु घटिरहेको भए पनि आफुहरुको संस्थामा त्यस्तो समस्या नरहेको बताए । उनले भने ' हामीले पूर्ण विश्वास दिलाउन चाहान्छौं, कि यो संस्थामा कुनै किसिमको समस्या नभएको हुँदा तपाईहरु ढुक्क भई कारोबार गर्नुहुन म यसै गरिमामय सभामार्फत अनुरोध गर्दछु ।' अध्यक्ष बज्राचार्यले राज्यले पुँजीगत खर्च गर्न नसक्नु, वित्तिय क्षेत्रमा तरलता थुप्रन जानु, ऋण लिएर लगानी गर्ने ढुक्क क्षेत्र नहुनु, नगद बजारमा देखा परेको असहज अवस्था राज्यबाट सिर्जना गर्न नसक्नु जस्ता कारणहरुले वर्तमान वित्तिय संस्थाहरुले अनेकौं दुख झेल्नु परेको भन्दै समाधान गर्ने उपयुक्त उपाय अवलम्वन गर्न तीनै तहका नियमनकारी निकायहरुलाई आग्रह गरे । सभामा उनले संस्थामा आवद्ध भई हाल निष्क्रिय रहेका सदस्यरुलाई हटाउने प्रस्ताव सभामा पेश गरेका थिए । पेश गरिएको प्रस्तावमा संस्थामा आवद्ध भई हाल निष्क्रिय सदस्यहरु मध्ये २/३ वर्ष भन्दा बढी समयसम्म कुनै कारोबार नगरी निष्क्रिय रही कुनै कारोबार नगर्ने शेयर सदस्यहरुको दायित्वलाई भुक्तानी दिन बाँकी हिसाबमा राखी सदस्यबाट हटाउने उल्लेख गरिएको छ । अध्यक्षले राखेको उक्त प्रस्तावमा सभाले निष्क्रिय शेयर सदस्यहरुको बचत तथा शेयर रकम भुक्तानी दिनुपर्ने हिसावमा जम्मा गर्ने गरी सर्वसम्मवत रुपमा पारित गरेको संस्थाका प्रवन्धक प्रकाश शर्माले जानकारी दिए । कार्यक्रममा संस्थाका उपाध्यक्ष तथा ऋण उपसमितिका संयोजक सरोजलाल शाक्यले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०८०/०८१ म १५ करोड १२ लाख ८४ हजार ८ सय ऋण लगानी गरिएको बताए । उनले विगतका नजिरको आधारमा सदस्यहरुको ऋणको माग संस्थाको क्षमता तथा तरलताको अवस्थालाई ध्यानमा राखी ऋणी माग भएका निवेदनको स्थलगत पूर्व निरीक्षणको आधारमा ऋण स्वीकृत गर्ने गरिएको उल्लेख गरे । उपाध्यक्ष शाक्यले भने 'हामीले नयाँ व्यसायिक उद्यमशीलतासँग सम्बन्धित ऋणीहरुलाई उच्च प्राथमिकता दिएर लगानी गरेका छौं ।' संस्थाका कोषाध्यक्ष विनयराज बज्राचार्यले आर्थिक वर्ष २०८१/०८२ का लागि १ करोड ९८ लाख ८६ हजार बराबरको अनुमानित बजेट प्रस्तुत गरेका थिए । यस्तै लेखा समितिका संयोजक शोभामान बज्राचार्यले लेखा समितिको प्रतिवेदन र सचिव रत्नमान बज्राचार्यले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा संस्थाका सल्लाहकारहरु छत्रराज शाक्य, देवेन्द्रमान शाक्य, चित्रवलीराम सुवाल, डा. पुरनमान बज्रचार्य लगायतले सहकारीले छोटो समयमै समृद्धिको दिशामा फड्को मार्न सफल भएको बताए । उनीहरुले संस्थालाई दीगो र प्रभावकारी बनाउन समर्पण, प्रतिवद्धता र पारदर्शी हुनुपर्नेमा जोड दिए । नवजनचेतना राष्ट्रिय दैनिकका सम्पादक रामचन्द्र रायमाझीले देशभर सहकारी अपचलनका समाचारहरु आइरहेकाले त्यसतर्फ सर्तक रहन शेयर सदस्यहरुलाई आग्रह गरे । उनले केही सहकारीहरुले ऐन, नियम विपरीत ऋण प्रवाह गर्दा रकम डुब्ने गरेको भन्दै ऋण प्रवाह गर्दा सहकारीको सिद्धान्न र नियमको परीधीमा रहेर प्रवाह गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा शेयर सदस्य सञ्जयराज शाक्य, बालबचतकर्ता किर्तिका बज्राचार्य, जेष्ठ नागरिक शान्ता केसी लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । सोही अवसरमा सहकारीले जेष्ठ शेयर सदस्य, बालबचतकर्ता, असल बचतकर्ता, असल ऋणी,शेयर सदस्यहरुका छोरा छोरी मध्ये एसइईमा उत्कृष्ट अंक ल्याई उर्तिण हुने विद्यार्थीहरुलाई सम्मान समेत गरेको छ । उसले जेष्ठ शेयर सदस्य शोभामान बज्राचार्य, सुरेन्द्रमान शाक्य, बेगमलाल शाक्य, कृष्ण कुमारी शाक्य, शान्ता केसी, असल कारोबारकर्तातर्फ रेनु थापा, किशोर थापा, असल बचतकर्तातर्फ कमला बैदवार,बाबुराम न्यौपानेलाई सम्मान गरेको हो । यस्तै एसइईमा उत्कृष्ट अंक ल्याउने अमिश कर्माचार्य, तपस्सी कुमार बज्रचार्य, हृदयन्द्र राज बज्राचार्य र सिजल बजचार्यलाई सम्मान गरिएको हो । संस्थाका अध्यक्ष सर्जुलाल बज्राचार्यको अध्यक्षता, उपाध्यक्ष सरोजलाल शाक्यको धन्यवाद ज्ञापन, सह-सचिव दिनेश बहादुर बज्राचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# १३ प्रतिशत किशोरी...

...'हामीले जुन अठोट गरेका थियौं त्यसको प्रतिफल प्राप्त भएको छ,' गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारुले भने ।

अघिल्लो आर्थिक वर्ष पालिकाका ७ वटा वडाबाट बालविवाह गर्ने ७ जोडीलाई फिर्ता गरिएको थियो । यहाँ मागी भन्दा भागी विवाह बढी गर्ने प्रचलन छ । **रामपुर नगरपालिकालाई** २०८३ मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी छ । यससँग सम्बन्धित कार्यक्रमका लागि पालिकाले अहिलेसम्ममा २५ लाख रुपैयाँ रकम खर्च गरिसकेको छ । **माथागढी गाउँपालिकामा** बालविवाह चुनौतीको रुपमा रहेको छ । यहाँ पनि सानै उमेरमा छोरीहरुलाई अर्काको घरमा पठाइदिने परम्पराले गर्दा यसो भएको हो । **तिनाउ गाउँपालिकामा** पनि बालविवाह पहिलेदेखि नै हुँदै आएको देखिन्छ । पालिकाले आगामी २०८३ भित्र बालमैत्री पालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ । उसले कार्यक्रमका लागि १ करोड १२ लाख २० हजार रुपैयाँको खर्च अनुमान गरेको छ । **पूर्वखोला गाउँपालिकामा** बालविवाहको अवस्था अत्यन्त चुनौतिपूर्ण रहे पनि त्यसलाई घटाउन सकिएको छैन । पालिका अध्यक्ष नुनबहादुर थापाले विगतदेखि नै बालविवाहले जरा गाडेकाले त्यसलाई घटाउन चुनौति रहेको बताए । यहाँ करिव ८० प्रतिशत मगर समुदायका नागरिकको बसोबास छ । मगर समुदायमा छिटै विवाह गर्ने पुरानो परम्परा अझैपनि हट्न नसक्दा बालविवाह न्यूनिकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्छन् । **तानसेन नगरपालिकाले** पनि बालबालिकाको क्षेत्रमा लाखौं रकम खर्च गरे पनि बालविवाह रोक्न सकेको छैन । यहाँका ग्रामीण क्षेत्रमा अझैपनि बालविवाह कायमै छ । **रैनादेवी छहरा गाउँपालिकाभित्र** पनि बालविवाह हुने गरेको छ । यो अवस्थालाई गाउँपालिकाले नियन्त्रण गर्नतर्फ ध्यान नै दिएको छैन । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । जनजाति, दलित समुदायभित्र करीब ४० प्रतिशत उमेर नपुग्दै विवाह बन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । बालविवाह अन्त्य गर्नका लागि **रिब्दीकोट गाउँपालिकाले** खासै चासो देखाएको छैन । केही वर्षअघि उमेर नपुग्दै विवाह भएका करीब सात जोडीलाई भने अभिभावकको आग्रहमा छुटाएको थियो ।

**बालविवाह व्याप्त, प्रहरीमा भने उजुरी नगण्य**

जिल्ला प्रहरी कार्यालयमा बालविवाहका मुद्दा नगण्य मात्र छन । बितेका तीन आर्थिक वर्षमा बालबिबाहसम्बन्धी २ वटा मात्रै उजुरी परेका थिए ।

बालविवाह भइरहे पनि प्रहरीमा उजुरी नपरेकाले यसो भएको हो । धेरै जसो बालविवाह आपसी समझदारीमै हुने भएकाले प्रहरी समक्ष खासै उजुरी नपर्ने गरेका हुन् । प्रहरीमा उजुरी नआए पनि समाजमा व्याप्त रहेको बालविवाहलाई रोक्न प्रहरीले प्रयास भने गरेको छ । समुदाय र विद्यालयस्तरमा पुगेर बालविवाह सम्बन्धी चेतना जगाउने काम गरिएको डिएसपी सुगन्ध श्रेष्ठले बताए । उनले भने 'बालविवाह रोक्न प्रहरी एक्लैले केही गर्न सक्दैन यस्ता विषयमा हरेक नागरिक सचेत हुन जरुरी छ ।' सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ सरकारले ल्याएको 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, ०७२' लागू भएको छ । केन्द्र देखि स्थानीय तहसम्म बालमैत्री शासनको अवधारणा अघि सारिएको छ । तर, बालविवाहलाई अन्त्य गर्न सरकारले कानुन र यस्ता सरकारी लक्ष्य लिएर मात्रै पुग्दैन । परिवारमा चेतना बढाउनुपर्छ । अशिक्षा, गरिबी जस्ता समस्या हटाउनुपर्छ ।

# अख्तियारमा गलत...

...अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलका प्रमुख सह-सचिव राजेन्द्र कुमार पौडेलले बेनामी उजुरी आयोगले सुचना लिने एउटा माध्यम रहेको बताए ।

उनले दु:ख दिने नियतले उजुरी गर्नेलाई ५ हजार जरिवाना तोकिएको र छानविन गर्ने प्रतिवद्धता समेत व्यक्त गरे । स्थानीय तहमा कतिपय मुद्दा उजुरीको लागि उजुरी गर्ने समस्या देखिएको र नम्बर पनि अन्य व्यक्तिले दिएर उजुरी गर्ने गरेको पौडेलको भनाई छ । उनले स्थानीय तहमा खरिद र निर्माणको विषयमा सबै भन्दा धेरै उजुरी पर्ने गरेको जानकारी दिए । पौडेलले विद्यमान कानुनको पालना गरी कार्य सम्पादन गरेमा कुनै डर मान्नु नपर्ने बताए । आयोगले विगतमा फिल्ड मै आएर छानविन गरे पनि पछिल्लो समय उजुरी परेमा सुरुवातमा सम्बन्धित कार्यालयबाट जवाफ माग्ने र त्यस पश्चात मात्र फिल्डमा जाने गरेको उनले स्पष्ट पारे । मुद्दा कार्यक्रममा सहभागीहरु रामपुर नगरका सल्लाहाकार विष्णु मायाँ ढकाल,रामपुर-३ का वडा अध्यक्ष दामोदर पाठक, रामतुलसी मा.वि.का प्रधानाध्यापक बालकृष्ण लम्साल, नगरका सल्लाहाकार दिनेश कुमार खनाल, नेकपा (एकिकृत समाजवादी) रामपुरका अध्यक्ष फणेश्वर गौतम, लक्ष्मीनारायण गुठी संस्थाका अध्यक्ष बुद्धि प्रकाश रेग्मी, जनकल्याण माविका प्रधानाध्यापक अनन्त प्रसाद भण्डारी लगायतले दु:ख दिने नियतले बेनामी उजुरी पर्दा समस्या भएको बताएका थिए । उनीहरुले अख्तियारको दुरुपयोग गर्ने साना र ठूला सबैको छानविन हुनुपर्ने बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलका शाखा अधिकृत धर्मराज बुढाले आयोगको तर्फबाट कार्यपत्र प्रस्तुत गरेका थिए । आयोग बुटवलका प्रमुख राजेन्द्र कुमार पौडेलको अध्यक्षता, सिडिई पुण्यराम सुलुको स्वागत र प्रहरी सहायक निरीक्षक विरेन्द्र कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# लक्ष्मी सहकारीको २२ औं साधारण सभा

**पाल्पा,** असोज ५/जिल्लाको सदरमुकाम तानसेनमा २०५९ सालमा स्थापना भएको लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाले २२ औं बार्षिक साधारण सभा तथा ८ औं अधिवेशन मनाएको छ । सहकारीले शनिबार एक समारोहका बिच साधारण सभा तथा अधिवेशन गरेको हो ।



सभाको संस्थाका अध्यक्ष हरी रायमाझीले उद्घाटन गरेका हुन् । सभाको उद्घाटनसँगै वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष रायमाझीले सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै समृद्धिको दिशामा आफुहरु अगाडि बढेको बताए । उनले भने 'सहकारीको माध्यमबाट सदस्यहरुबिच आत्मीयता, सद्भाव, र एक आपसमा मैत्री भावको विकास गर्दै सदस्यहरुको आर्थिक उन्नति र व्यवसायिक बनाउने दिशामा हामीहरु अग्रसर रहेका छौं ।' शेयर सदस्यहरुको दुर्घटना बीमा बापतको रकम यस वर्ष पनि ५ लाख कायम गरिएको अध्यक्ष रायमाझीले बताए । उनले शेयर सदस्यहरुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने रोग लागेमा संस्थाले आफ्नो गच्छे अनुसार सहयोग गर्ने पनि बताए । कार्यक्रममा जेष्ठ नागरिक देवप्रसाद बज्रचार्य, क्षयरोग निवारण संघ पाल्पाकी सभापति शोभा शाक्य, निर्वाचन अधिकृत राधेश्याम ज्ञवाली लगायतले सहकारीको सफलताको शुभकामना व्यक्त गरेका थिए । सहकारीका सचिव उत्तम कुमार बज्राचार्यले प्रगति प्रतिवेदनसहित आर्थिक वर्षको कारोबारको यथार्थ विवरण र चालु आर्थिक वर्षको अनुमानित बजेट प्रस्तुत गरेका थिए । उनले संस्थाले सहकारीको मूल्य र मान्यतालाई आत्मसाथ गरी आर्थिक वर्ष २०८०/०८१ मा कारोबारबाट ३२ लाख ९५ हजार ९ सय ४५ बचत नाफा गर्न सफल भएको बताए । लेखा समिति संयोजक विमला शाक्य बज्राचार्यले लेखासमितिको प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । सहकारीले सोही अवसरमा ५ जना जेष्ठ शेयर सदस्य, १० जना असल कारोबारकर्ता, ९ जना कर्मचारीलाई समेत सम्मान गरेको थियो । संस्थाका अध्यक्ष हरी रायमाझीको अध्यक्षता, उपाध्यक्ष ओम मलेगोको स्वागत, सचिव उत्तम कुमार बज्रचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो । ३० जना शेयर सदस्यहरुबाट सुरुवात गरेको सहकारीमा अहिले १ हजार ५ सय ७४ सदस्य रहेका छन् । जसको शेयर पुँजी दुई करोड ६ लाख ३८ हजार २ सय छ भने बचत संकलन २९ करोड २२ लाख ६६ हजार १ सय ४६ रहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई